October 6th, 2023

यो आकाशवाणी हो। समाचार अबिगेल राईबाट सुन्नुहोस्।

सुरुमा प्रमुख समाचारः

- गृहमन्त्री श्री अमित शाहद्वारा आज नयाँ दिल्लीमा वामपन्थी उग्रवादको समीक्षा बैठकको अध्यक्षता
- केन्द्रद्वारा बाढी प्रभावित सिक्किमको लागि विपद् सहायताको रूपमा 45 करोड रूपियाँ उपलब्ध गराउन स्वीकृत
- यस वर्षको नोबेल शान्ति पुरस्कार इरानी मानवअधिकारकर्मी नरगिस मोहम्मदीलाई प्रदान गरिने
- अनि चीनको हाङजाऊमा जारी  एसियाली खेलकुदको १३ औं दिन भारतलाई 95 पदक हासिल

अब समाचार विस्तारमा

Amit Shah – LWE

गृहमन्त्री श्री अमित शाहले आज नयाँ दिल्लीमा वामपन्थी उग्रवादको समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा केन्द्रीय मन्त्री श्री नित्यानन्द राई, श्री अश्विनी चौबे, श्री अर्जुन मुन्डा र श्री देवुसिंह चौहान लगायत राष्ट्रिय सुरक्षा सल्लाहकार श्री अजित डोभाल सहभागी हुनुभयो। दिनभरको बैठकमा वामपन्थी अतिवाद प्रभावित राज्यका मुख्यमन्त्रीहरु पनि सहभागी थिए।

RBI Governor

भारतीय रिजर्व बैंकको मौद्रिक नीति समितिले आफ्नो द्विमासिक समीक्षामा ब्याज दरमा कुनै परिवर्तन नगर्ने निर्णय गरेको छ। मौद्रिक समितिको आजको बैठकपछि रिजर्भ बैंकका गभर्नर श्री शक्तिकान्त दासले मौद्रिक नीति समितिले रिपो दरमा कुनै परिवर्तन नगरी सर्वसम्मतिले ६ दशमलव ५ प्रतिशत कायम गरेको बताउनुभयो। टमाटर र अन्य तरकारीको मूल्य वृद्धिका कारण जुलाईमा मुद्रास्फीति बढेको विज्ञप्तिमा उल्लेख छ।

Sikkim Flood

केन्द्रले बाढी प्रभावित सिक्किमको लागि विपद् सहायताको रूपमा 45 करोड रूपियाँ जारी गर्न स्वीकृत गरेको छ। गृह मन्त्रालयले क्षतिको आकलन गर्न अन्तरमन्त्रालयीय केन्द्रीय टोली गठन गरेको छ। गृह मन्त्रालयका अनुसार यय टोलीले चाँडै नै सिक्किमको बाढी प्रभावित क्षेत्रहरूको भ्रमण गर्नेछ र यसको मूल्याङ्कनको आधारमा राज्यलाई थप सहायता प्रदान गरिनेछ।  केन्द्र सरकारले सिक्किमको अवस्थालाई निरन्तर निगरानी गरिरहेको छ। केन्द्रले परिस्थितिसँग प्रभावकारी रूपमा सामना गर्न सिक्किम सरकारलाई राष्ट्रिय विपद् प्रतिक्रिया बल, भारतीय वायुसेना हेलिकप्टर र आवश्यक उद्धार उपकरणहरूको पर्याप्त टोली पनि उपलब्ध गराएको छ। विद्युत, दूरसञ्चार तथा सडक, राजमार्ग तथा यातायात मन्त्रालयका प्राविधिक टोलीले क्षतिग्रस्त पूर्वाधार र सञ्चार सञ्जाललाई पुनःस्थापना गर्न मद्दत गरिरहेका छन्। यसैबीच सिक्किममा बेपत्ता सैनिकको खोजी जारी छ। टिस्टा ब्यारेजको तल्लो भागमा विशेष ध्यान दिई बेपत्ता सैनिकको खोजी कार्य भइरहेको छ। सिंगताम र बर्दाङ बीचको सडक सञ्जाल सुचारु भएको छ। लाचेन, लाचुङ र चुङ्थानमा अलपत्र परेका १ हजार ४ सय ७१ पर्यटकहरूलाई मौसम अनुकुल भएपछि हेलिकप्टरबाट बाहिर ल्याइनेछ। यसैबीच सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज बिहान रम्फूस्थित बाढी

प्रभावित क्षेत्र र राहत शिविरको भ्रमण गरी सम्बन्धित अधिकारी र जनतासँग अन्तरक्रिया गर्नुभयो। मुख्यमन्त्रीले सरकारले जतिसक्दो चाँडो पुनर्स्थापनाको व्यवस्था गर्ने आश्वासन दिनुभयो। उहाँले आपत्कालीन उद्धार कार्य जारी रहेको बताउनुभयो।

Election Commission

निर्वाचन आयोगले नयाँ दिल्लीमा आफ्ना पर्यवेक्षकहरूसँग बैठक गरिरहेको छ। यस बैठकमा राजस्थान, मध्य प्रदेश, छत्तीसगढ, तेलंगाना र मिजोरममा हुने विधानसभा चुनावलाई सहज रुपमा सम्पन्न गर्ने रणनीति तय हुने विश्वास गरिएको छ। भर्खरै निर्वाचन आयोगले यी राज्यहरूमा चुनावी तयारीको अवस्थाको जानकारी लिएको थियो। आयोगले अबको केही दिनमा यी पाँच राज्यमा निर्वाचनको मिति घोषणा गर्ने अपेक्षा गरिएको छ।

Arunachal Bye-Election

अरुणाचल प्रदेश राज्य निर्वाचन आयोगले राज्यका २३ जिल्लामा फैलिएको ५४ ग्राम पञ्चायत र दुई जिल्ला परिषद् निर्वाचन क्षेत्रहरूमा उपचुनाव घोषणा गरेको छ। निर्वाचनको सूचना अक्टोबर ९ मा जारी हुनेछ। नामाङ्कनको अन्तिम मिति अक्टोबर २१ रहेको छ। नोभेम्बर ६ मा मतदान हुनेछ भने नोभेम्बर ८ मा मतगणना हुनेछ।

Piyush - Dubai

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलले संयुक्त अरब इमिरेट्सको भ्रमणको क्रममा प्रख्यात व्यापारी नेताहरूसँग कुराकानी गर्नुभयो। यसको उद्देश्य भारत र संयुक्त अरब इमिरेट्स बीच व्यापार र लगानी प्रवर्द्धन गर्नु हो। बैठकमा धेरै क्षेत्रमा विशेषगरी इलेक्ट्रोनिक्सको व्यापार सुदृढ गर्ने विषयमा छलफल भएको थियो। यी वार्ताहरूले दुई देशबीच विभिन्न क्षेत्रमा सहयोग र अवसरहरू बढाउने अपेक्षा गरिएको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ........

Maharashtra Fire

मुम्बईको गोरेगाउँस्थित आजाद मैदान नजिकैको सात तल्ले आवासीय भवनमा आज बिहान आगलागी हुँदा सात जनाको मृत्यु भएको छ भने 40 जना घाइते भएका छन्। ३० जनाको सकुशल उद्धार गरिएको छ। दमकलले आगो नियन्त्रण गर्न प्रयास गरिरहेको छ।

Nobel Peace Prize

यस वर्षको नोबेल शान्ति पुरस्कार इरानी मानवअधिकारकर्मी नरगिस मोहम्मदीलाई महिला उत्पीडनविरुद्धको लडाइँका लागि दिइने भएको छ। उनी यस अवार्डबाट सम्मानित हुने १९ औं महिला हुन्। उनी हाल जेलमा छिन्। नरगिस मोहम्मदी १३ पटक गिरफ्तार भइसकेका छन् भने पाँच पटक दोषी ठहर भएकी छिन्। उनलाई ३१ वर्ष जेल सजाय सुनाइएको छ। नोबेल शान्ति पुरस्कार डिसेम्बर १० मा नर्वेको राजधानी ओस्लोमा प्रदान गरिने छ। यसमा करिब एक करोड अमेरिकी डलर पनि दिइनेछ। यस वर्षको चिकित्साशास्त्र, भौतिकशास्त्र, रसायनशास्त्र र साहित्यतर्फको नोबेल पुरस्कार विजेता घोषणा भइसकेको छ। अर्थशास्त्रतर्फको नोबेल पुरस्कार भने घोषणा हुन बाँकी छ।

World Cerebral Palsy Day

आज विश्व सेरेब्रल पाल्सी दिवस अर्थात् मस्तिष्क पक्षाघता दिवस हो। सेरेब्रल पाल्सीबारे जनचेतना जगाउन अक्टोबर ६ तारिखमा विश्वभर यो दिवस मनाइन्छ। यस दिवस मनाउनुको उद्देश्य सेरेब्रल पाल्सी र अन्य रोगीहरू बीच एकता, सहयोग र आपसी सहयोगको महत्त्वलाई प्रकाश पार्नु रहेको छ।

अब खेलकुद समाचार

एशियाई खेलहरू

चीनमा जारी हाङझाउ एसियाली खेलकुदको 13औं भारतले २२ स्वर्ण, ३४ रजत र ३९ कास्यसहित कुल ९५ वटा पदक हात पारेक छ। भारत अहिले पदक तालिकामा चौथो स्थानमा छ। भारत अब आफ्नो पदक संख्या 100 पुऱ्याउने लक्ष्यमा द्रुत गतिमा काम लागिरहेको छ। हक्कीमा, भारतको पुरुष टोलीले आज स्वर्ण जित्यो। ब्रिजमा पुरुष टोलीले रजत जित्यो। यसअघि आर्चरीमा भारतीय रिकर्भ महिला टोलीले कास्य पदक जितेको थियो। कुस्तीमा सोनमले महिला ६२ केजी तौल समूहमा कास्य पदक जितिन्। महिला फ्रिस्टाइल ७६ केजी तौल समूहमा किरण बिश्नोईले कास्य पदक जितिन्। फ्रिस्टाइल ५७ केजी तौल समूहमा अमनले कास्य पदक जिते। ब्याडमिन्टनमा एचएस प्रणयले कास्य पदकमा चित्त बुझाउनु पऱ्यो। पुरुष क्रिकेटमा भारत फाइनलमा प्रवेश गरेको छ। कबड्डीमा भारतको पुरुष टोली पाकिस्तानलाई हराउँदै फाइनलमा प्रवेश गरेको छ।

अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटक

- गृहमन्त्री श्री अमित शाहद्वारा आज नयाँ दिल्लीमा वामपन्थी उग्रवादको समीक्षा बैठकको अध्यक्षता
- केन्द्रद्वारा बाढी प्रभावित सिक्किमको लागि विपद् सहायताको रूपमा 45 करोड रूपियाँ उपलब्ध गराउन स्वीकृत
- यस वर्षको नोबेल शान्ति पुरस्कार इरानी मानवअधिकारकर्मी नरगिस मोहम्मदीलाई प्रदान गरिने
- अनि चीनको हाङजाऊमा जारी एसियाली खेलकुदको १३ औं दिन भारतलाई 95 पदक हासिल

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।